धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# स्थानीय राजपत्र

खण्डः ७ | सङ्ख्याः ३ | मितिः २०८२/१०/२५


# भाग – २

## धर्मदेवी नगरपालिका, सङ्खुवासभा

### ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

# ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१०/२३**

**प्रस्तावनाः** नगरपालिका क्षेत्र भित्रको ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य तथा खानीजन्य स्रोतको दीगो उपयोग र व्यवस्थापन गर्दै विकास निर्माण कार्यमा यी स्रोतको अभाव हुन नदिई सहज आपूर्ति सुनिश्चित गरी यस क्षेत्रबाट प्राप्त हुने राजस्व सङ्कलनलाई समेत व्यवस्थित गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस कार्यविधिको नाम "ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. <u>परिभाषा</u> : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "अनुगमन समिति" भन्नाले दफा १० बमोजिम गठन हुने समिति सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ग) "खानीजन्य पदार्थ" भन्नाले खानीबाट उत्खनन् गरिएको स्लेट, ढुङ्गा, गिट्टी, वालुवा, जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनुपर्छ ।

(घ) "घाटगद्दी" भन्नाले नदी, खोला, बगर वा खानी क्षेत्रबाट सङ्कलन वा उत्खनन् गरिएका नदीजन्य पदार्थ वा खानीजन्य पदार्थ तथा दहत्तर–बहत्तर अन्तर्गतका साधारण निर्माणमुखी सामग्रीलाई छानबिन, वर्गीकरण, नापजाँच, तौल, प्रशोधन (जस्तै छान्ने, फुटाउने, धुने आदि) गर्न, गुणस्तर यकिन गर्न तथा बिक्री, ढुवानी वा अन्तिम प्रयोगका लागि अस्थायी रूपमा सुरक्षित भण्डारण गर्न नगरपालिकाले स्वीकृत गरी तोकिएको स्थानलाई सम्झनुपर्छ।

(ङ) "ढुङ्गा र माटोजन्य पदार्थ" भन्नाले उत्खनन् गर्न अनुमति भएको नदी, बगर वा खानी क्षेत्रबाट सङ्कलन र उत्खनन् गर्दा निस्कने रोडा, ढुङ्गा, गिट्टी, वालुवा, मिस्कट, पाँगो, भरुवा, सम्झनुपर्छ ।

(च) "नगर कार्यपालिका" भन्नाले धर्मदेवी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(छ) "नगरपालिका" भन्नाले धर्मदेवी नगरपालिका सम्झनुपर्छ र सो शब्दले नगरपालिकाको वडा कार्यालयलाई समेत जनाउँछ ।

(ज) "नगर सभा" भन्नाले धर्मदेवी नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(झ) "नदी किनारा" भन्नाले नदी वहाव क्षेत्रबाट दाँया र बाँया एक किलोमिटर सम्मको क्षेत्र सम्झनुपर्छ ।

(ञ) "नदीजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारबाट उत्खनन् गरिएको ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनुपर्छ ।

(ट) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (ड) बमोजिमको अध्ययन तथा मूल्याङ्कन सम्झनुपर्छ ।

(ठ) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनुपर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम गरिने परिमार्जित वातावरणीय अध्ययन समेतलाई जनाउछ ।

(ड) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (फ) बमोजिमको अध्ययन तथा मूल्याङ्कन सम्झनुपर्छ ।

(ढ) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (म) बमोजिमको अध्ययन सम्झनुपर्छ ।

३. <u>उत्खनन् वा सङ्कलनको लागि क्षेत्र निर्धारण</u>: (१) नगरपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गरिने क्षेत्र निर्धारण देहायको आधारमा गर्नेछ :-

(क) नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरु,

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा, गिट्टी र माटोजन्य पदार्थ थुप्रन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुनसक्ने अवस्था सिर्जना भई प्राविधिक सिफारिसका आधारमा स्थानीय विपद् व्यवस्थापन समितिद्वारा त्यस्ता पदार्थ हटाउनुपर्ने भनी विस्तृत विवरण तथा सीमाङ्कन सहित तोकेका स्थलहरु,

(ग) निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न प्रचलित कानून बमोजिम अनुमति प्रदान गरिएको क्षेत्र,

(घ) प्रचलित कानून बमोजिम खानी तथा क्रसर उद्योग सञ्चालन र निर्माण सामग्री आपूर्तिको लागि तोकिएको क्षेत्र ।

(२) उपदफा (१) बमोजिमको कुनै क्षेत्रमा यस कार्यविधि बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्री वितरणको व्यवस्था नगरपालिकाले मिलाउनेछ ।

४. <u>नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र विक्री</u>: (१) नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री गर्दा देहाय बमोजिम गर्नेछ :-

(क) उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत गर्ने,

(ख) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत गर्ने, गराउने,

(ग) प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने,

(घ) प्रदेश सरकारको आर्थिक ऐनमा उल्लेख दररेटमा आधारित भई नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमति र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउने ।

(२) नदीजन्य पदार्थको सङ्कलन र उत्खनन् गरिने क्षेत्र अन्य स्थानीय तहको क्षेत्रभित्र समेत पर्ने अवस्थामा संयुक्त समिति बनाई सङ्कलन, उत्खनन् र बिक्रीको व्यवस्था मिलाउन सकिनेछ र राजस्वको हिस्सा नदीजन्य पदार्थको परिमाणका आधारमा यकिन गरिनेछ ।

(३) नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्नेछ ।

(४) नदीजन्य पदार्थ उत्खनन् गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्नेछ।

तर, मेशिनको प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र सीमा भित्र रही गर्नुपर्नेछ साथै विपद् जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नुपर्ने भएमा स्थानीय विपद् व्यवस्थापन समितिको अनुमति लिनुपर्नेछ ।

(५) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणको ठेक्का बन्दोबस्त सम्बन्धी सूचना अनुसूची-२ बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ । त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने फर्म/कम्पनी/व्यक्तिसँग अनुसूची-३ बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची-४ बमोजिमको ढाँचामा पट्टा फाराम दिनुपर्नेछ ।

(६) उत्खनन् तथा सङ्कलन स्थलसम्म जाने र फर्कने मार्ग नगरपालिकाले तोके बमोजिम हुनेछ। उक्त सडकको मर्मत सम्भार नदीजन्य सामग्री ढुवानी गर्ने व्यवसायीले नै गर्ने गरी ठेक्का बन्दोबस्ती गर्नुपर्नेछ ।

(७) उत्खनन् गरी सकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नुपर्नेछ ।

(८) उत्खनन् र सङ्कलन कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त, ठेक्का शर्त, अनुगमन समितिले दिएका निर्देशनहरु समेतको पालना गर्नुपर्नेछ ।

(९) सडक पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर तल र पाँचसय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन गर्न पाईने छैन ।

तर, दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(१०) उत्खनन्, सङ्कलन तथा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी, शौचालय, सुरक्षा, स्वास्थ र दुर्घटना बीमा आदिको प्रबन्ध सम्बन्धित उत्खनन्, सङ्कलन र ढुवानीकर्ताले मिलाउने गरी ठेक्का वन्दोवस्त गर्नुपर्नेछ ।

(११) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, बिक्री तथा ढुवानी ठेक्का बन्दोबस्त गर्दा परिमाणको आधारमा वार्षिक रुपमा गर्नुपर्नेछ ।

(१२) नगरपालिकाले वर्षाको समयमा बगेर आउने बालुवालाई वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा नदीमा बाँध बनाई जमाउने तथा निश्चित मात्रामा वालुवा हार्भेस्टिङ गरेर बेच्ने व्यवस्था गर्न सक्नेछ ।

(१३) यस कार्यविधि बमोजिम ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् र सङ्कलन गर्ने क्रममा विपद्का दृष्टिले थप जोखिम निम्तिन सक्ने अवस्था सिर्जना भएमा स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसको आधारमा अनुगमन समितिले उत्खनन् र सङ्कलन कार्यमा निश्चित समय तोकी रोक लगाउन सक्नेछ ।

(१४) यस दफा बमोजिम सङ्कलन र उत्खनन् कार्य गर्दा नदीको वहाव परिवर्तन नहुने साथै सिंचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपर्ने गरी गर्नुपर्नेछ।

(१५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रत्येक वर्षको असार १ गते देखि भदौ मसान्त सम्म नदीजन्य पदार्थको उत्खनन् गर्न पाइने छैन ।

(१६) बेमौसमी वर्षाका कारणले खोला वा नदीको बहाव औषत तह भन्दा बढी भएमा स्थानीय विपद् व्यवस्थापन समितिले उपदफा (१५) मा उल्लेख भएको अवधि भन्दा पन्ध्र दिन अघि वा पछि सम्मको अवधिमा उत्खनन् कार्यलाई निषेध गर्न गर्नेछ ।

५. <u>खानीजन्य पदार्थ उत्खनन् सम्बन्धी व्यवस्था</u>: (१) खानीबाट ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् तथा सङ्कलन गर्ने कार्य प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमति लिई गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिको लागि पेश गर्दा नगरपालिकाको प्राविधिक समितिको सिफारिस बमोजिम नगर कार्यपालिकाको निर्णय सहित पेश गर्नुपर्नेछ ।

(३) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन तथा उपदफा (१) बमोजिम खानी सञ्चालनको अनुमति प्राप्त भएपछि नगरपालिकाले खानी उद्योगको दर्ता गर्नेछ ।

(४) यस दफा बमोजिम खानी उद्योग दर्ता गरी सञ्चालन गर्ने ठाउँमा कम्तीमा बीस रोपनी वा सो बरावर क्षेत्रफल भएको निजी वा लिजमा लिएको जग्गा आवश्यक पर्नेछ ।

(५) यस दफा बमोजिम दर्ता भै सञ्चालन भएका उद्योगबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, वालुवाको परिमाणको आधारमा कोशी प्रदेश सरकारको आर्थिक ऐन बमोजिम नगर परिषद्बाट स्वीकृत दररेट तथा सम्झौतामा उल्लिखित शर्त बमोजिम बिक्री कर लिन सक्नेछ । साथै नगरपालिकाले दर्ता तथा वार्षिक नवीकरण शुल्क समेत लगाउन सक्नेछ ।

(६) यस दफा बमोजिम सञ्चालित खानी उद्योगले स्वीकृत परिमाण र तोकिएका शर्त बमोजिम खानी सञ्चालन गरे नगरेको विषयमा नियमित रुपमा अनुगमन तथा नियमनगर्न नगरपालिकाले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(७) खानीबाट उत्पादित ढुङ्गा, वालुवा, स्लेट र गिट्टी जस्ता साधारण निर्माणमुखी पदार्थको उत्पादनमा प्रचलित कानून बमोजिम रोयल्टी लगायत अन्य सेवा शुल्क लाग्ने भएमा सो उठाउने व्यवस्था सोही कानूनमा तोकिए बमोजिम हुनेछ ।

६. <u>वन क्षेत्र सम्बन्धी व्यवस्था</u> : (१) वन क्षेत्रबाट सामान्यतया ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् गरिने छैन ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रबाट सो कार्य गर्नुपर्ने भएमा सम्बन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि अनुसार नगरपालिकाले ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन्, सङ्कलन र बिक्री गर्न सक्नेछ।

(३) वन क्षेत्रको ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको सङ्कलन, उत्खननका लागि मेशिनरी औजार प्रयोग गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र मापदण्ड भित्र रही गर्नुपर्नेछ ।

(४) दफा ४ को उपदफा (९) बमोजिम हटाइने ढुङ्गा, गिट्टी, वालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा बिक्री सम्बन्धी कार्य नगरपालिकाले ठेक्का बन्दोबस्त वा अन्य उपयुक्त व्यवस्था गरी गर्न सक्नेछ ।

(५) यस दफा बमोजिमको ठेक्का बन्दोवस्त गर्दा अपनाउनुपर्ने कार्यविधि दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

७. <u>उत्खनन् वा सङ्कलनको परिमाण नियन्त्रण</u> : (१) नगरपालिकाले उत्खनन् वा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन् र सङ्कलन हुन नदिन सङ्कलन तथा उत्खनन् आदेश दिनु पूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खनन् वा सङ्कलनको क्षेत्र निर्धारण गरी लाइन लेभल समेत दिनुपर्नेछ ।

(२) अनुगमन समितिले उपदफा (१) बमोजिम उत्खनन् वा सङ्कलन गर्ने स्वीकृति दिइएको क्षेत्रको नियमित अनुगमन गर्नुपर्नेछ ।

(३) अनुगमनको क्रममा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खननयोग्य परिमाण र क्षेत्रको उत्खनन् भैसकेको पाइएमा अनुगमन समितिले थप सङ्कलन वा उत्खनन् कार्य बन्द गर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निर्देशन प्राप्त भएको अवस्थामा ठेक्का अवधि बाँकी रहे पनि उत्खनन् वा सङ्कलनकर्ताले उत्खनन् वा सङ्कलन गर्ने कार्य तुरुन्त बन्द गर्नुपर्नेछ ।

८. <u>नदीजन्य तथा खानीजन्य पदार्थको ओसार पसार</u> : (१) उत्खनन् स्थलमा प्रवेश गर्ने ढुवानी साधनको क्षमता वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनुपर्नेछ । नगरपालिकाले त्यस्तो अध्ययन प्रतिवेदनमा उल्लिखित क्षमताभन्दा बढी क्षमता भएका ढुवानी साधनलाई नदी वा खानी प्रवेशमा रोक लगाउनुपर्नेछ ।

(२) ढुवानी गर्ने सवारी साधनले सङ्कलन वा उत्खनन् स्थलदेखि अन्तिम गन्तव्यसम्म नदीजन्य र खानीजन्य पदार्थबाट धुलो उड्न नदिने गरी ढुवानी गरिएको सामाग्रीलाई छोप्ने, गति चालिस किलोमिटर प्रति घण्टा भन्दा बढी नगर्ने, पिच सडकमा पानी चुहिन नदिने र प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम भए नभएको सम्बन्धमा स्थानीय प्रहरी तथा नगरपालिकाले नियमित अनुगमनको प्रबन्ध मिलाउनुपर्नेछ ।

(४) मूल बाटोबाट सङ्कलन तथा उत्खनन् स्थलतर्फ सवारी साधन प्रवेश हुने सम्पूर्ण मार्गमा सवारी आवागमनका कारण धुलो उडेर वातावरणीय प्रदूषण, स्थानीय बासिन्दाको स्वास्थ्य तथा सार्वजनिक आवागमनमा असर पर्न नदिन आवश्यक व्यवस्था मिलाउनुपर्नेछ। सो प्रयोजनका लागि उक्त मार्गमा नियमित रूपमा पानी छर्कने, सडक सतह सम्याउने, खाल्डाखुल्डी मर्मत गर्ने तथा आवश्यक परे ग्राभेलिङ वा अन्य उपयुक्त मर्मत सम्भारका कार्यहरू उत्खननकर्ता र ढुवानीकर्ताले आपसी समन्वयमा अनिवार्य रूपमा गर्नुपर्नेछ। साथै, यी व्यवस्थाहरूको निरन्तरता र प्रभावकारिता सुनिश्चित गर्ने दायित्व सम्बन्धित उत्खननकर्ता तथा ढुवानीकर्ताकै हुनेछ।

९. <u>घाटगद्दी सम्बन्धी व्यवस्था</u> : (१) नगरपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको सङ्कलन, उत्खनन्, प्रशोधन, नापजाँच, अस्थायी भण्डारण, बिक्री तथा ढुवानी व्यवस्थापनलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन आवश्यकता अनुसार एक वा सोभन्दा बढी घाटगद्दी हुने स्थान तोक्न सक्नेछ।

(२) घाटगद्दी तोक्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन, भौगोलिक अवस्था, सार्वजनिक तथा निजी जग्गाको स्थिति, पहुँच मार्ग, बस्ती, वन क्षेत्र, सार्वजनिक पूर्वाधार, वातावरणीय संवेदनशीलता तथा जोखिमको अवस्थालाई आधार मानी नगर कार्यपालिकाबाट निर्णय गरी तोकिनेछ।

(३) घाटगद्दी तोकिएको स्थानमा मात्र नदीजन्य तथा खानीजन्य पदार्थको नापजाँच, तौल, वर्गीकरण, प्रशोधन, अस्थायी भण्डारण, बिक्री र ढुवानी गर्न पाइनेछ। नगरपालिकाले तोकेको घाटगद्दी बाहेक अन्य स्थानमा त्यस्ता कार्य गर्न पाइने छैन।

(४) घाटगद्दी सञ्चालन गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त, यस कार्यविधिका प्रावधान, ठेक्का सम्झौताका शर्त तथा अनुगमन समितिले दिएका निर्देशनहरूको अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

(५) घाटगद्दी क्षेत्रमा धुलो, ध्वनी, पानी तथा वायु प्रदूषण नियन्त्रणका लागि आवश्यक व्यवस्था गर्नुपर्नेछ। सो प्रयोजनका लागि नियमित रूपमा पानी छर्कने, सामग्री छोप्ने, हिलो व्यवस्थापन गर्ने, फोहोर पानी प्रशोधन गर्ने, ढल निकासको व्यवस्था मिलाउने तथा आवश्यक परे हरियाली प्रवर्द्धन गर्ने दायित्व सम्बन्धित उत्खननकर्ता, सङ्कलनकर्ता वा ढुवानीकर्ताको हुनेछ।

(६) घाटगद्दी स्थलमा सवारी साधनको आवागमन, पार्किङ, प्रवेश र निकास व्यवस्थित गर्नुपर्नेछ। ढुवानी सवारी साधनको क्षमता, गति सीमा तथा सुरक्षा मापदण्ड पालना गराउने व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनुपर्नेछ।

(७) घाटगद्दी स्थलमा कार्यरत कामदारका लागि सुरक्षित कार्य वातावरण, खानेपानी, शौचालय, प्राथमिक उपचार, सुरक्षा सामग्री तथा दुर्घटना बीमाको व्यवस्था सम्बन्धित उत्खननकर्ता, सङ्कलनकर्ता वा घाटगद्दी सञ्चालनकर्ताले अनिवार्य रूपमा मिलाउनुपर्नेछ।

(८) घाटगद्दी स्थलमा अनुसूची-६ बमोजिमको सूचनापाटी राख्नुपर्नेछ। सूचनापाटीमा घाटगद्दीको नाम, स्वीकृत क्षेत्रफल, सञ्चालन अवधि, स्वीकृत परिमाण, सञ्चालनकर्ता, सम्पर्क व्यक्ति, गुनासो सुन्ने अधिकारी तथा अन्य आवश्यक विवरण स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्नेछ।

(९) अनुगमन समितिले घाटगद्दीको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्नेछ र अनुगमनका क्रममा यस कार्यविधि, वातावरणीय अध्ययन प्रतिवेदन वा ठेक्का सम्झौता विपरीत कार्य भएको पाइएमा आवश्यक निर्देशन दिन, सचेत गराउन वा घाटगद्दी सञ्चालनमा अस्थायी वा पूर्ण रूपमा रोक लगाउन सिफारिस गर्न सक्नेछ।

(१०) अनुगमन समितिको निर्देशन पालना नगर्ने घाटगद्दी सञ्चालनकर्ता, उत्खननकर्ता, सङ्कलनकर्ता वा ढुवानीकर्तालाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

(११) घाटगद्दी सञ्चालन, स्थानान्तरण वा खारेजी सम्बन्धी अन्य व्यवस्था नगर कार्यपालिकाले आवश्यक निर्णय गरी लागू गर्न सक्नेछ।

१०. <u>अनुगमन सम्बन्धी व्यवस्था</u>: (१) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न देहाय बमोजिमको नदीजन्य तथा खानीजन्य पदार्थ अनुगमन समिति रहनेछः-

(क) उपप्रमुख, नगरपालिका - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका - सदस्य

(ग) योजना शाखा प्रमुख, नगरपालिका - सदस्य

(घ) वातावरण निरीक्षक वा सो सरहको जिम्मेवारीमा रहेका कर्मचारी, नगरपालिका - सदस्य

(ङ) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख, नगरपालिका - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार अन्य क्षेत्रका विज्ञ/पदाधिकारी/कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले ढुङ्गा, गिट्टी, वालुवा व्यवस्थापन सम्बन्धमा देहायका विषयमा जुनसुकै बेला अनुगमन गरी सम्बन्धित उत्खनन् वा सङ्कलनकर्तालाई आवश्यक निर्देशन दिन वा सो सम्बन्धमा आवश्यक कारवाहीको लागि नगरपालिकामा लेखी पठाउन सक्नेछ :-

(क) वातावरणीय अध्ययन प्रतिवेदनका शर्तको पालना,

(ख) उत्खनन् र सङ्कलनको लागि स्वीकृत विधि, प्रकृया र परिमाण सम्बन्धी व्यवस्थाको पालना,

(ग) राजश्व चुहावट तथा चोरी निकासी,

(घ) ढुवानी गर्ने सवारी साधनले पालना गर्नुपर्ने गति सीमा, प्रदुषण नियन्त्रण, सडक सुरक्षा तथा मर्मत सम्बन्धी व्यवस्थाको पालना,

(ङ) ठेक्का सम्झौताको परिपालना,

(च) नदीजन्य तथा खानीजन्य पदार्थको बजार मूल्य नियन्त्रण,

(छ) सञ्चालित क्रसर उद्योगहरुले तोकिएको मापदण्ड पूरा गरे नगरेको,

(ज) नेपाल सरकार र प्रदेश सरकारले समय समयमा तोकेका अन्य विषयहरु, प्रचलित कानूनमा तोकिएका विषयहरु तथा समितिले आवश्यक देखेका अन्य विषयहरु ।

(४) अनुगमन समितिले अनुगमनको क्रममा देखेका विषयहरुमा आवश्यक सुधारका लागि दिएको निर्देशन सम्बन्धित उत्खननकर्ता वा सङ्कलनकर्ताले अनिवार्य रुपमा पालनागर्नुपर्नेछ ।

(५) अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने उत्खनन्, सङ्कलन वा ढुवानीकर्तालाई समितिको निर्देशन पालना नगरेसम्म उत्खनन्, सङ्कलन वा ढुवानी कार्यमा रोकलगाउन सकिनेछ।

(६) उपदफा (५) बमोजिम रोक लगाइएकोमा सम्बन्धित उत्खनन्, सङ्कलन वा ढुवानीकर्ताले अनुगमन समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको अवस्थामा रोक्का फुकुवा गर्न सकिनेछ।

(७) नगरपालिकाले ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन् कार्य यस कार्यविधि र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न कार्यदल गठन गर्नुपर्नेछ र सो

कार्यदलले अनुसूची-५ बमोजिम चेकलिष्ट बनाई नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(८) अनुगमनका क्रममा ठेक्काका शर्त उल्लङ्घन गरेको वा राजस्व छली गरी उत्खनन् तथा ओसार पसार गरेको पाइएमा त्यस्तो सङ्कलनकर्ता, उत्खननकर्ता र ढुवानीकर्तालाई अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्न निर्देशन दिन, सचेत गराउन वा अवैध मालवस्तु जफत गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम जफत गरिएको मालवस्तु नगरपालिकाले प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नेछ ।

(१०) अनुगमन समितिले प्रत्येक बर्षको भाद्र मसान्त पछि नदीको स्थलगत अनुगमन गरी जम्मा भएको नदीजन्य पदार्थको अवस्था अनुसार वातावरणीय अध्ययन प्रतिवेदन संशोधन वा परिमार्जन गर्नुपर्ने भए सोही बमोजिम गर्न नगरपालिकालाई लेखी पठाउन सक्नेछ ।

(११) अनुगमन समितिले सम्बन्धित ठेकेदार, उत्खननकर्ता, खानी र क्रसर उद्योगलाई समितिको बैठकमा उत्खनन् तथा बिक्रीको वार्षिक कार्ययोजना प्रस्तुत गर्न लगाउन सक्नेछ।

११. <u>नदीजन्य र खानीजन्य पदार्थको बजारमूल्य नियमन सम्बन्धी व्यवस्था</u>:(१) अनुगमन समितिले ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य र खानीजन्य पदार्थको उत्खनन् लागत, नगरपालिकालाई तिरेको विक्रि वा शुल्क बापतको रकम, वजारको दूरी र निश्चित मुनाफा समेतका आधारमा बजार मूल्य निर्धारण गर्न नगरपालिकालाई सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बजार मूल्य निर्धारण गरिएकोमा निर्धारित बजार मूल्यभन्दा बढी मूल्य लिएको पाइएमा त्यस्तो विक्रेतालाई नगरपालिकाको निर्णय बमोजिम बिक्री वितरण कार्यमा रोक लगाउन सकिनेछ ।

१२. <u>क्रसर उद्योग सञ्चालन सम्बन्धी मापदण्ड</u>: (१) क्रसर उद्योग सञ्चालन गर्दा देहाय बमोजिमको दूरी सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ :-

| क्र.सं. | विवरण | कायम दूरीको मापदण्ड |
|---|---|---|
| १ | राजमार्गको राईट अफ वे (ROW) बाट | २०० मिटर |
| २ | खोला वा नदी किनारबाट | २०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्त्वका स्थान तथा सुरक्षा निकायबाट | ५००मिटर |
| ४ | पक्की पुलबाट | ५०० मिटर |
| ५ | वन क्षेत्रबाटबाट | ५०० मिटर |
| ६ | घना बस्तीबाट | ५०० मिटर |
| ७ | हाईटेन्सन लाइनको पोलबाट | १०० मिटर |

| | | |
|---|---|---|
| ८ | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | ५०० मिटर |

(नोटः क्रसर उद्योग सञ्चालन गर्दा नेपाल सरकारले समय समयमा निर्धारण गरेको मापदण्ड तथा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित दूरी अनिवार्य रुपमा पालन गर्नुपर्नेछ।)

(२) नयाँ स्थापना हुने क्रसर उद्योगहरुले वातावरणीय अध्ययन प्रतिवेदनमा सङ्कलन गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समयावधि र स्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखाङ्कन सहितको नाप नक्शा अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रकृया पुरा गरी नयाँ क्रसर उद्योग सञ्चालनको लागि निवेदन दिने व्यक्ति वा फर्मले उपदफा (१) बमोजिमको मापदण्ड समेत पालना गरेको अवस्थामा प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले क्रसर उद्योग सञ्चालनको अनुमति प्रदान गर्नेछ।

(४) क्रसर उद्योग लगायतका वालुवा पाँगो धुने र प्रशोधन गर्ने मेशीन (फिरफिरे) तथा ढुङ्गा प्रशोधन उद्योग स्थापना गर्दा साइड ड्रेन, हिलो थिग्रने पोखरी, फोहोर पानी प्रशोधनको व्यवस्था र वायु प्रदुषण नियन्त्रणको लागि समेत आवश्यक व्यवस्था गर्ने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

(५) अनुगमन समितिले अन्य विषयका अतिरिक्त उपदफा (४) बमोजिमका शर्तहरुको पालना भए नभएको नियमित अनुगमन गर्ने र शर्त पालना नगर्ने उद्योगहरुलाई समितिको निर्णय बमोजिम शर्त पुरा नभएसम्म उद्योग सञ्चालनमा रोक लगाउन सक्नेछ ।

(६) प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका खानी, क्रसर तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधीनमा रही सङ्कलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिनाभित्र अनुगमन समिति र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(७) यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन हुने उद्योगले प्रत्येक आर्थिक वर्षको लागि असार मसान्तभित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद बिक्रीको परिमाण सार्वजनिक गरी सोको जानकारी नगरपालिका र अनुगमन समितिलाई दिनुपर्नेछ।

(८) उपदफा (६) र (७) बमोजिमको व्यवस्था पालना नगर्ने उद्योगलाई अनुगमन समितिको सिफारिसमा नगरपालिकाले बन्द गर्न सक्नेछ ।

(९) उपदफा (१) को दूरी सम्बन्धी मापदण्ड पूरा नहुने गरी सञ्चालनमा रहेका क्रसर उद्योगलाई नगरपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनुपर्नेछ र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा नगरपालिकाले दर्ता खारेजीको लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्नेछ ।

(१०) नयाँ दर्ता हुने वालुवा प्रशोधन उद्योगको हकमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

(११) क्रसर उद्योगले आफुलाई चाहिने कच्चा पदार्थ सिधै नदी वा वन क्षेत्रबाट उत्खनन् वा सङ्कलन गरी प्रशोधन गर्न पाउने छैन ।

(१२) उपदफा (६) बमोजिम क्रसर उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ति गर्दा लाग्ने बिक्री मूल्य वा शुल्क नगरपालिकालाई बुझाएपछि मात्र त्यस्तो कच्चा पदार्थ आपूर्ति गर्न पाइनेछ ।

(१३) क्रसर उद्योगलाई नगर सभाद्वारा निर्धारित दरमा उत्पादित परिमाणको आधारमा व्यवसाय कर लगाउन सक्नेछ ।

१३. <u>राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको लागि विशेष व्यवस्था</u>:(१) राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, वालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी सम्बन्धित उद्योगले नगरपालिकालाई नियमानुसारको शुल्क वा दस्तुर बुझाई निर्माण सामग्री उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण सामग्री उपलब्ध गराउँदा सम्बन्धित आयोजना कार्यालयको आवश्यक परिमाण खुल्ने व्यहोराको सिफारिस, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, शुल्क वा दस्तुर तिर्ने प्रतिवद्धता, आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन र आयोजना सञ्चालन गर्ने गरी भएको सम्झौता लगायतका कागजातको आधारमा नगरपालिकाले शुल्क वा दस्तुर लिई निर्माण सामग्री उपलब्ध गराउनुपर्नेछ ।

(३) यस दफा बमोजिम प्राप्त गरेको ढुङ्गा, गिट्टी, वालुवा आयोजनाको लागि मात्र प्रयोग गर्ने व्यवस्था सम्बन्धित आयोजना प्रमुखले मिलाउनुपर्नेछ र अन्यत्र प्रयोग भएको पाइएमा अनुगमन समितिले त्यस्तो आयोजना प्रमुखलाई सम्बन्धित निकायमा आवश्यक कारबाहीको लागि लेखी पठाउनुपर्नेछ ।

(४) प्रचलित कानून बमोजिम नगरपालिकाले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्दा यस दफा बमोजिम आयोजनालाई चाहिने ढुङ्गा, गिट्टी, वालुवाको परिमाणका साथै उत्खनन् स्थल निर्धारण गरी प्रतिवेदनमा समावेश गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम सञ्चालित आयोजनाहरुको लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी, वालुवाको ओसार पसार र ढुवानी गर्दा समेत यस कार्यविधिमा उल्लिखित प्रकृया पूरा गर्नुपर्नेछ ।

(६) नगरपालिका आफैंले सञ्चालन गर्ने आयोजनाका लागि आवश्यक पर्ने साधारण निर्माणमुखी नदीजन्य पदार्थको हकमा नगर सभाको स्वीकृतिमा बिक्री मूल्य वा शुल्क नलाग्ने व्यवस्था मिलाउन सक्नेछ ।

तर यस्तो व्यवस्था गर्दा आयोजनाको लागत अनुमान स्वीकृत गर्दा नै नदीजन्य र खानीजन्य पदार्थको मूल्य र शुल्क समायोजन गरेको हुनुपर्नेछ ।

(७) सडक निर्माण वा बिस्तारको क्रममा सडक अधिकारक्षेत्र भित्रबाट निस्कने ढुङ्गा, गिट्टी, वालुवा जस्ता निर्माण सामाग्री सम्बन्धित आयोजनाले उपयोग गर्ने अबस्थामा त्यस्तो सामाग्रीको परिमाणका आधारमा लाग्ने बिक्रि मूल्य बापतको रकम नगरपालिकालाई वुझाएर मात्र उपयोग गर्न सकिनेछ ।

(८) यस दफा बमोजिम सञ्चालन हुने राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनासँग गरिएको सम्झौता वा आयोजना सम्बन्धी स्वीकृत कागजातमा नदीजन्य वा खानीजन्य पदार्थको उपलब्धता सम्बन्धी व्यवस्था उल्लेख गरिएको तथा त्यस्ता निर्माण सामग्री उत्पादन गर्ने उद्योग वा प्लाण्ट स्थापना नगरी आयोजना सञ्चालन गर्न कठिनाइ हुने अवस्था रहेको भनी आयोजना सञ्चालन गर्ने सम्बन्धित निकायबाट सिफारिस प्राप्त भएमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको अधीनमा रही आयोजना निर्माण अवधिभरका लागि अस्थायी रूपमा क्रसर उद्योग वा वालुवा प्रशोधन उद्योग/प्लाण्ट स्थापना गर्न नगर कार्यपालिकाले यस कार्यविधि बमोजिम अनुमति दिन सक्नेछ।

(९) उपदफा (८) बमोजिम अस्थायी उद्योग सञ्चालन गर्न अनुमति प्राप्त गर्ने उद्योगले वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणको सिमाभित्र रही नदीजन्य तथा खानीजन्य पदार्थको उत्पादन गर्नुपर्नेछ । साथै, उक्त परिमाण बमोजिमको कर तथा दस्तुर प्रदेश सरकारको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको दररेटमा आधारित भई नगर सभाबाट स्वीकृत दररेट बमोजिम नगरपालिकासँग सम्झौता गरी आवधिक रुपमा बुझाउनुपर्नेछ।

(१०) उपदफा (८) बमोजिम अस्थायी उद्योग/प्लाण्ट स्थापना गर्न अनुमति माग गर्ने निवेदनको ढाँचा अनुसूची- ७ बमोजिमको हुनेछ । साथै नगरपालिकाले प्रदान गर्ने अनुमतिको ढाँचा अनुसूची-८ बमोजिम हुनेछ ।

(११) उपदफा (८) र (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको निर्णयानुसार प्रचलित कानून बमोजिमको दररेटमा राजस्व बुझाई कुनै धार्मिक, सामाजिक तथा शैक्षिक संस्थाको पूर्वाधार निर्माण प्रयोजनार्थ उपदफा (८) बमोजिमको उद्योगबाट उत्पादित निर्माण सामग्री प्रयोग गर्न अनुमति दिन सक्नेछ ।

१४. <u>वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी व्यवस्था</u> : (१) साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र ढुवानी कार्यका लागि गरिने वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको मान्य अवधि तीन वर्षको हुनेछ ।

तर, प्रतिवेदनमा तोकिएको परिमाण उत्खनन् भइसकेको अवस्थामा सोही प्रतिवेदनको आधारमा थप उत्खनन् गर्न पाइने छैन ।

१५. <u>राजश्व बाँडफाँट सम्बन्धी व्यवस्था</u> : (१) नगरपालिकाले यस कार्यविधि बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवं अनुमति वा नवीकरण शुल्क वा करबाट सङ्कलित राजश्व मध्ये प्रचलित प्रदेश तथा सङ्घीय कानून बमोजिम बाँडफाँट गर्नुपर्नेछ।

१६. <u>मापदण्ड बनाउन सक्ने</u> : यस कार्यविधि बमोजिम अनुगमन तथा नियमन सम्बन्धी व्यवस्थाको कार्यान्वयनको लागि अनुगमन समितिले आवश्यक मापदण्ड बनाई लागु गर्नसक्नेछ।

१७. <u>ब्यवसायिक रुपमा बिक्री गर्न नहुने</u> :(१) निजी प्रयोजनका लागि निर्माण लगायतका कार्य गर्दा निस्किने ढुङ्गा, गिट्टी, वालुवाको व्यवसायिक बिक्री गर्न पाइनेछैन ।

तर व्यवसायिक रूपले बिक्री गर्नुपर्ने अवस्थामा वातावरणीय अध्ययन गराई नगरपालिकामा लाग्ने शुल्क वा दस्तुर बुझाई अनुमति लिएर मात्र गर्नुपर्नेछ।

(२) उपदफा (१) को प्रतिबन्धात्मक वाक्याङ्शमा जुनसुकै कुरा लेखिएको भए तापनि यस नगरपालिका क्षेत्रमा कुनै व्यक्तिले निजी जग्गाबाट व्यवसायिक प्रयोजनको लागि ढुङ्गा, गिट्टी तथा बालुवाजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरण गर्नुपरेमा नगरपालिकाको सूचना बमोजिम निवेदन दिनुपर्नेछ । यसरी पर्न आएको निवेदनको प्राविधिक नापजाँच सहित मूल्याङ्कन गरी नगरपालिकाले एकमुष्ठ वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी यस कार्यविधि बमोजिम नियमानुसार कर तथा शुल्क लिई व्यवसाय गर्न अनुमति प्रदान गर्न सक्नेछ ।

१८. <u>सूचना पाटी राख्ने</u> :(१) नदीजन्य र खानीजन्य पदार्थको सङ्कलन, उत्खनन् वा ढुवानीकर्ताले सङ्कलन वा उत्खनन गरिने स्थानको लम्बाई, चौडाई तथा गहिराई सहितको चार किल्ला, उत्खनन् गर्ने अवधि र समय, प्रयोग गरिने साधन र गुनासो सुन्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बर लगायतका विवरण खुल्ने अनुसूची-६ बमोजिमको सूचनापाटी सम्बन्धित उत्खनन् वा सङ्कलन स्थलमा राख्ने व्यवस्था अनिवार्य रुपमा मिलाउनुपर्नेछ ।

१९. <u>मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने</u> : (१) यस कार्यविधि बमोजिम ठेक्का लिने व्यवसायी अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनुपर्नेछ ।

२०. <u>बाधा अड्काउ फुकाउने अधिकार</u> : (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा यस कार्यविधिको उद्देश्य विपरीत नहुने गरी प्रचलित कानून बमोजिम कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२१. <u>खारेजी र बचाउ</u> : (१) "बालुवा, नदीजन्य सामग्री प्रशोधन उद्योग तथा नदीजन्य सामग्री व्यवस्थापन कार्यविधि, २०८०" खारेज गरिएको छ ।

(२) यो कार्यविधि लागू हुनु पहिले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन, बिक्री, वितरण तथा सोमा आधारित उद्योग स्थापना तथा सञ्चालन सम्बन्धमा भए गरेका कामकारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(३) यो कार्यविधिले गरेको व्यवस्था प्रचलित नेपाल कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

(४) यो कार्यविधि आवश्यकता अनुसार संशोधन र खारेजी नगर कार्यपालिकाले गर्न सक्नेछ।

## अनुसूची-१

(दफा ४ को उपदफा (३) सँगसम्बन्धित)

### नदीको वातावरणीय अवस्था निरीक्षण चेक लिष्ट

| क्र.सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | वातावरणीय अध्ययन प्रतिवेदनले औँल्याएका विषय अनुसारको व्यवस्था | | |
| २ | वातावरणीय अध्ययन प्रतिवेदनले सङ्कलन तथा उत्खननको लागि तोकेको क्षेत्रहरु परिवर्तन भएको | | |
| ३ | ढुङ्गा, गिट्टी, बालुवा, गेगर जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ४ | सङ्कलन, उत्खनन् र ढुवानीको लागि नयाँ प्रावधान आवश्यकता | | |
| ५ | नदीले बहाव परिवर्तन गरेको | | |
| ६ | वातावरणीय अध्ययन प्रतिवेदनले औँल्याएका पहिलेको अवस्था | | |
